# भारतीय सिपाही विद्रोह दमनमा नेपाली सेनाको भूमिका (वि.सं.१९१४)

विनोद थापा (पिएच.डी)
इतिहास केन्द्रीय विभाग
Email:drbinodthapa@gmail.com

**Doi: 10.3126/voh.v33i1.87294**

**सारसङ्क्षेप**

*भारतमा व्यापार गर्न आएको बेलायतको इस्ट इण्डिया कम्पनीले भारतलाई आफ्नो साम्राज्य नै बनाउन सफल भयो । यस कुराबाट भारतका पूर्वराज्यहरू, शासकहरू र जनताहरू असन्तुष्ट थिए । जसको फलस्वरूप वि.सं. १९१४ मा भारतीयहरूले अङ्ग्रेज सरकारको विरुद्ध एउटा विद्रोह गरे । अङ्ग्रेज सेनामा रहेका असन्तुष्ट भारतीय सिपाहीहरूद्वारा मेरठमा शुरु गरिएको यो विद्रोहले केही समयभित्रै उग्ररूप लिएको थियो । यस विद्रोहमा भारतीय सिपाहीहरूमात्र सम्लग्न नभई भारतीय राज्यका राजाहरूलगायत अङ्ग्रेजविरोधी अन्य प्रतिष्ठित व्यक्तिहरू पनि सामेल भएकोले यस विद्रोहलाई दवाउन अङ्ग्रेज सरकारलाई ज्यादै मुस्किल पर्न गएको थियो । त्यस अवस्थामा नेपालका प्रधानमन्त्री जंगबहादुर राणाले नेपाली सेना पठाई विद्रोह दमन गर्न अङ्ग्रेजहरूलाई सहयोग गरेका थिए । तसर्थ यो लेख भारतीय सिपाही विद्रोह दमन गर्न नेपाली सेनाको भूमिका कस्तो रह्यो भन्ने बारेमा केन्द्रीत रहेको छ ।*

**शब्द कुञ्जी:** *विद्रोह, सिपाही, दमन, दुष्मन, पल्टन ।*

## परिचय

इस्ट इण्डिया कम्पनीको सेनामा रहेका भारतीय सैनिकहरूले विभिन्न कारणहरूले गर्दा वि.सं. १९१४ एउटा विद्रोह गरेका थिए, जसलाई सिपाही विद्रोहको नामबाट धेरै बुझिन्छ । भारतमा सिपाही विद्रोह हुँदा नेपालमा जंगबहादुर राणा प्रधानमन्त्री थिए र उनी अङ्ग्रेज सरकारको समर्थनबाट आफ्नो पारिवारिक शासनलाई सुदृढ र बलियो बनाउनतर्फ लागेका थिए । त्यसको उपयुक्त अवसर उनलाई वि.सं. १९१४ को उक्त विद्रोहले दियो । अङ्ग्रेजहरूलाई आपद परेको बेला सहयोग गरेमा उनीहरूले पनि आफूलाई समर्थन र सहयोग गर्नेछन् भन्ने विश्वास लिई उनले आफ्ना भाइभारदारहरूलाई उक्त विद्रोह दबाउन अङ्ग्रेजलाई सहयोग गर्नुपर्छ भन्ने कुरामा सहमत गराए (डिग्वी, सन् १८९०) ।

विद्रोह शुरु भएको केही दिनपछि नै जंगबहादुरले ब्रिटिश रेजिडेन्ट जर्ज रामसेछेउ नेपाली फौज पठाई अङ्ग्रेज सरकारलाई मद्दत गर्ने प्रस्ताव राखे । भारतका गभर्नर जनरल लर्ड केनिङ्गले विरोध नगर्ने विश्वास लिई

रामसेले जंगबहादुरको प्रस्तावलाई स्वीकार गरे । त्यसैले जंगबहादुरले लेफ्टिनेन्ट हीरा सिंहको नेतृत्वमा पाल्पामा रहेको बरख पल्टनबाट २१८ जनाको एक डफ्फालाई गोरखपुर पठाए (नेपाली सेना, जंगी अड्डा, अभिलेख शाखामा रहेको भाग ३, फाइल नं. ७) । तर भारतका गभर्नर जनरल लर्ड केनिङ्ग त्यति बेला नेपालको सहायता लिने पक्षमा थिएनन् । यसका दुई कारण थिए; पहिलो, विद्रोह शुरु भएको थोरै समयमा नै नेपालको मद्दत लिँदा अङ्ग्रेज सरकारको प्रतिष्ठामा धक्का लाग्ने डर थियो र अङ्ग्रेज सरकारप्रति बफादार भारतीय सिपाहीहरू विद्रोहीहरूसँग मिल्न जाने सम्भावना थियो । दोस्रो, नेपालले निष्ठापूर्वक सहयोग गर्नेबारे पनि अङ्ग्रेज सरकारलाई सन्देह थियो र त्यसभन्दा बढी नेपाली फौजले विद्रोहीहरूसँग मिली अङ्ग्रेज सरकारविरुद्ध कार्य गर्न सक्ने शंका पनि व्यक्त गरिएको थियो । यस्तो अवस्थामा केनिङ्गले रामसेलाई कडा चेतावनी दिँदै भारततर्फ हिडिसकेको नेपाली फौजलाई रोक्न निर्देशन दिए (शर्मा, वैद्य र मानन्धर, वि.सं. २०४९) । जसले गर्दा पाल्पाबाट गोरखपुरतर्फ गएको उक्त सानो नेपाली फौजको डफ्फालाई भारतीय इलाकाभित्र पस्न दिइएन । तर त्यसको केही दिनपछि नै स्थिति पूर्ण रूपले बदलियो । लखनउ र गोरखपुर विद्रोहीहरूको हातमा पर्नाको साथै अन्य स्थानहरूमा पनि अङ्ग्रेज फौज पराजित हुँदै गइरहेको थियो । आफ्नो अवस्था प्रतिकूल हुँदै गएपछि अङ्ग्रेज सरकार नेपालसँग सैनिक सहयोग लिन वाध्य बन्यो ।

**अध्ययन विधि र सामग्री**

यो लेख वर्णनात्मक र विश्लेषणात्मक दुवै विधि प्रयोग गरी तयार पारिएको छ । जसअनुसार घटनाक्रमलाई क्रमशः उल्लेख गर्दै ती घटनाहरूको परिणामलाई विश्लेषण गरिएको छ । लेख तयार पार्नका लागि धेरै मात्रामा प्रकाशित द्वितीय स्रोतहरूको प्रयोग गरिएको छ भने नेपाली सेनाको अभिलेख शाखामा रहेका केही अप्रकाशित प्राथमिक स्रोतहरूको पनि प्रयोग गएिको छ । जसलाई परिशिष्टमा राखेर लेखलाई प्रमाणित बनाउने कार्य गरिएको छ । भारतीय सिपाही विद्रोहमा नेपालको सैनिक सहयोगका सम्बन्धमा छुट्टै पुस्तक लेखिएको छैन । तर जंगबहादुरको जीवनी, नेपाल-भारत सम्बन्ध, नेपाल-बेलायत सम्बन्ध, नेपालको राजनैतिक इतिहास तथा नेपालको सैनिक इतिहास आदिसँग सम्बन्धित पुस्तकहरूमा यस सम्बन्धमा केही कुराहरू लेखिएको पाइन्छ । तर सिपाही विद्रोह दमन गर्नका लागि जंगबहादुरले कस्तो सहयोग गरे, विद्रोह दमन गर्न नेपालबाट कुन-कुन पल्टनहरू गएका थिए र कुन-कुन ठाउँका विद्रोहहरू दमन गर्न भूमिका खेलेका थिए भन्ने बारेमा प्रष्ट र पूर्ण व्याख्या गर्न नसकेकाले जतिसक्दो धेरै जानकारी दिनका लागि यो लेख तयार पारिएको छ । त्यसैले भारतीय सिपाही विद्रोह दमन गर्न नेपालले गरेको सहयोग, नेपालबाट गएका सैनिक पल्टनहरू, सैनिक संख्या, विभिन्न ठाउँको विद्रोह दमन, सैनिक सहयोग गरेवापद नेपाललाई भएको उपलब्धी आदिका बारेमा जानकारी दिनु नै यो लेखको मूख्य उपलब्धी रहेको छ ।

**नेपालको सैनिक सहयोग**

विभिन्न ठाउँहरूमा विद्रोहीहरू सफल हुदै गएपछि अङ्ग्रेज सरकार नेपालसँग सैनिक सहयोग लिने निर्णयमा पुग्यो । त्यसबारे आवश्यक व्यवस्था गर्न गभर्नर जनरल केनिङ्गले रेजिडेन्ट जर्ज रामसेलाई अह्राए । रामसेले गर्वनर जनरल सैनिक सहयोग लिन तयार रहेको कुरा जंगबहादुरसँग गरेपछि जंगबहादुरले भारतमा रहँदाको नेपाली सेनाको सम्पूर्ण खर्च अङ्ग्रेज सरकारले बेहोर्ने शर्तमा वि.सं. १९१४ असार महिनामा कर्णेल पहलमानसिंह बस्नेतले नेतृत्वमा मेजर कप्तान र कप्तान गरी जम्मा पन्ध्र जना अधिकृतसहित करिब ६००० सैनिकहरू पठाए जसमा कालीबक्स, देवीदल, बर्दबहादुर, शेरदल, गणेशदल र सबुज पल्टन सामेल थिए ( नेपाली सेना, जंगी अड्डा, अभिलेख शाखामा रहेको भाग ३, फाइल नं. ७) । दस्तावेजहरूले संकेत गरेअनुसार जंगबहादुर र रामसेबीच नेपाली फौज पठाउनेबारे छलफल हुँदा नेपाली फौजको निष्ठाबारे पनि शंका व्यक्त गरिएको थियो । तर जंगबहादुरले नेपाली फौजको कर्तव्यपरायणतामाथि दृढ विश्वास व्यक्त गर्दै अङ्ग्रेज सरकारलाई धोका दिएमा आफू दुई बाबुले जन्माएको छोरासरह हुने कुरा गरेका थिए (मजुमदार, सन् १९७३) । उनले अङ्ग्रेजलाई अझ बढि विश्वास दिलाउन आफ्नी स्वास्नी र छोरा-छोरीलाई बन्धकको रूपमा रामसेलाई सुम्पन समेत तयार रहेको कुरा उल्लेख गरेका थिए । जंगबहादुरको यति कुरा सुनेपछि मात्रै रामसेको चित्त बुझेको थियो (शर्मा, वैद्य र मानन्धर, वि.सं. २०४९) । यस प्रकार नेपालले विद्रोह दमन गर्न सैनिक सहयोग गर्ने कुराप्रति शुरुमा अङ्ग्रेजले शंका गरेको र अङ्ग्रेजहरूलाई विश्वास दिलाउन जंगबहादुरले त्यति हदसम्मको कुरा व्यक्त गर्नुपरेको थियो ।

**पहिलो चरणको विद्रोह दमन**

विद्रोह दमन गर्न नेपाली फौज भारत गएपछि नेपाली फौजले जम्मा नौँ स्थानमा लडाइँ गरी विजय हासिल गरेका थिए । दस्ताबेजका अनुसार नेपाली फौजले क्रमशः गद्धा, मवारखपुर, कोधुवा, वाध, मधुरी अरंपुर, चादे, हसनपुर, सुल्तानपुर, अतटौली र चादे हम्बरपुरमा लडी विद्रोहीहरूलाई पराजित गरेका थिए (नेपाली सेना, जंगी अड्डा, अभिलेख शाखामा रहेको भाग ३, फाइल नं. ७) । यसरी नेपाली फौजले प्रारम्भमा नै विद्रोहीहरूलाई दमन गर्न सफल भएका थिए ।

पहलमानसिंहको नेतृत्वमा गएको नेपाली फौजले गरेको युद्धबारे पद्‌मजंगले केही विस्तृत जानकारी दिएका छन् । उनको भनाइअनुसार सुरूको योजनाअनुसार यस फौजले सुगौली हुँदै लखनउ प्रवेश गर्नुपर्ने थियो, तर सुगौलीका अङ्ग्रेज पदाधिकारीहरूको स्थितिको अध्ययन गरी उक्त योजनामा केही परिवर्तन गरे । पहिलो कुरा त पर्याप्त हातहतियार नभइकन र घोडचढी रिसल्लाको अभावमा लखनउ पुग्न नेपाली फौजलाई अत्यन्त कठिन हुन्थ्यो । दोस्रो, अङ्ग्रेज फौजको साथ नभइकन केवल नेपाली फौजले मात्रै लखनउ पुगी योजनाबद्ध

रूपमा कार्य गर्न गाह्रो पर्थ्यो । यसका अतिरिक्त गोरखपुर क्षेत्रमा स्थिति ज्यादै नै नाजुक भइसकेकोले त्यो क्षेत्र कब्जा गर्नु अङ्ग्रेजहरूको पहिलो आवश्यकता थियो । अतः नेपाली फौजलाई गोरखपुर क्षेत्रमाथि अधिकार कायम गर्न जिम्मेवारी सुम्पियो । यस नयाँ योजनाअनुसार नेपाली फौजले उत्तरतर्फबाट गोरखपुरभित्र प्रवेश गरी आजमगढलाई कब्जा गऱ्यो र त्यसपछि जौनपुरमा आक्रमण गरी त्यसलाई पनि आफ्नो अधीनमा लियो (राणा, सन् १९८०) । आजम गढको विद्रोह दबाउन सबुज र गणेशदल लिएर लेफ्टिनेन्ट कर्णेल शमशेर थापा खटिएका थिए (जबरा, वि.सं. २०५९) । यस प्रकार विद्रोह दमन गर्ने कार्यमा नेपाली फौज एकपछि अर्को गर्दै सफल हुँदै गए ।

आजमगढको रक्षाको लागि केही फौज राखी मुख्य नेपाली फौजले जौनपुरमा आफ्नो मुकाम बनायो । तर यसको फाइदा उठाई करिब एक महिनापछि विद्रोहीहरूले आक्रमण गरी आजमगढलाई नियन्त्रणमा लिन सफल भए । आजमगढलाई पुनः नियन्त्रणमा लिन जौनपुरमा रहेको नेपाली फौजको दुई पल्टनले रातको समयमा आजमगढमा रहेका विद्रोहीहरूमाथि आक्रमण गऱ्यो । त्यस क्रममा भएको युद्धमा नेपाली फौजले विद्रोहीहरूलाई हरायो र आजमगढलाई उनीहरूका हातबाट मुक्त गऱ्यो । आजमगढ विजयपछि नेपाली फौज अतरौलियातर्फ अगाडि बढ्यो र त्यहाँ विद्रोहीहरूको नाइके भई बसेका वेनी माधवको फौजलाई हराई आफ्नो अधिपत्य कायम गयो । वेनी माधव त्यहाँबाट भागे (राणा, सन् १९८०) । यसरी विद्रोही तर्फका मूख्य-मूख्य व्यक्तिहरूलाई नै नेपाली फौजले विद्रोहस्थलबाट लखेट्न सफल भएपछि विद्रोहीहरू कमजोर बन्न गएका थिए ।

जौनपुरमा रहेको बाँकी नेपाली फौज मुबारकपुरतर्फ अगाडि बढ्यो र त्यहाँका स्थानीय शासक इरादत खानको फौजलाई पराजित गऱ्यो । इरादत खान स्वयम्लाई बन्दी बनाई मृत्युदण्ड दिइयो । यसप्रकार केही समयभित्रै नेपाली फौजले आजमगढ र जौनपुरका सम्पूर्ण क्षेत्रलाई विद्रोहीहरूको हातबाट मुक्त पाऱ्यो (राणा, सन् १९८०) आजमगढ र जोनपुरमा नेपाली फौजले देखाएको बहादुरीबाट प्रभावित भई अङ्ग्रेज पदाधिकारीहरूले नेपाली फौजलाई विद्रोहले उग्र रूप लिइरहेको अवधको आसपासको क्षेत्रमा पठाए । यसै क्रममा नेपाली फौजले कुदया भन्ने स्थाननजिकै रहेको विद्रोहीहरूको अखडामाथि हमला गरी विद्रोहीहरूलाई पराजित गरी त्यहाँबाट भगाई आफ्नो नियन्त्रणमा लिन सफल भयो (शर्मा, वैद्य र मानन्धर, वि.सं.२०४९) । विद्रोहले उग्र रुप लिएको स्थानबाट विद्रोहीहरूलाई लखेट्न सक्नु नेपाली फौजको ठूलो सफलता थियो ।

भागेर गएका करिब ६००० विद्रोहीहरू जौनपुरभन्दा ३६ मील टाढा पर्ने चादे भन्ने स्थानमा जम्मा भई नेपाली फौजविरुद्ध आक्रमण गर्ने तयारी गर्न थाले । तर नेपाली फौजले उनीहरूलाई तयारी गर्ने मौका नै नदिई उनीहरूमाथि आक्रमण गऱ्यो । पद्मजंगको भनाइअनुसार उक्त युद्धमा जम्मा ११०० जना नेपाली सिपाही अफिसरले भाग लिएका थिए र उनीहरूले ६००० विद्रोही फौजलाई पराजित गरेका थिए । यस युद्धमा विद्रोहीहरूले

प्रयोग गरेका धेरैजसो हतियार नेपाली फौजले खोसेर लिए । तीन-चार सय जति विद्रोहीहरू मारिए र करिब त्यत्तिकै संख्यामा विद्रोहीहरूलाई बन्दी पनि बनाइयो । तर नेपाली फौजले पनि यस युद्धमा धेरै नोक्सानी बेहोर्नु पऱ्यो । लेफ्टिनेण्ट कर्णेल मदनमान सिंह बस्न्यातको यही युद्धमा मृत्यु भयो र करिब सत्तरी जना नेपाली सिपाही वा अफिसर मारिए वा गम्भीर रूपमा घाइते भए । यस युद्धको सबैभन्दा उल्लेखनीय पक्ष के थियो भने देवीदत्त पल्टनका लेफ्टिनेन्ट गम्भीरसिंह माझीले विद्रोहीहरूको हातबाट एउटा ठूलो तोप खोसेर लिएका थिए । सो तोप खोस्न उनी एक्लैले पाँच जना हातहतियारद्वारा सुसज्जित विद्रोहीहरूलाई मार्नाको साथै दुईजनालाई भगाएका थिए । यस कारबाहीमा गम्भीरसिंह पनि नराम्रोसँग घाइते भएका थिए ("नेपाल देशको इतिहास", *प्राचीन नेपाल*, अंक २७; टुकर, सन् १९५७) । त्यसपछि नेपाली सेना अट्टौलीको किल्ला पनि कब्जा गर्न सफल भयो (बस्न्यात, वि.सं. २०७४) । उक्त युद्धमा मारिने लेफ्टिनेण्ट कर्णेल मदनमान सिंह बस्न्यात मूलकाजी बख्तावरसिंह बस्न्यातका नाति र कुलमानसिंह बस्न्यातका छोरा थिए (थापा, वि.सं. २०७४) । त्यसरी नराम्रोसँग घाइते हुने गम्भीरसिंह माझीलाई एक पुस्तकमा गम्भीरसिंह रायमाझी भनिएको छ । उनलाई त्यतिबेला पेटमा चोट लागी आन्द्राभुँडीको केही भाग बाहिर निस्कँदा पनि साहसका साथ विद्रोहीहरूसँग लडेका थिए (वैद्य, मानन्धर र बस्न्यात, वि.सं. २०६५) । गम्भीरसिंह माझी गम्भीरसिंह रायमाझी नै भएको सत्य देखिन्छ ।

अर्कोतर्फ करिब १२०० को संख्यामा रहेका विद्रोहीहरू अतरौलियाको किल्लालाई पुनः नियन्त्रणमा लिन सफल भएका थिए । त्यसैले अङ्ग्रेज र नेपाली फौजले संयुक्त रूपमा विद्रोहीहरूमाथि सशस्त्र कारबाही गरी अतरौलिया एकपल्ट फेरि आफ्नो अधीनमा ल्यायो । त्यसपछि अङ्ग्रेजी र नेपाली संयुक्त फौज सोहनपुरतर्फ बढ्यो जहाँ करिब ४००० विद्रोही सैनिकले शहरलाई नियन्त्रणमा राखेको थियो । ३५० जना नेपाली सैनिक र २५० जना अङ्ग्रेजी सैनिक भएको संयुक्त फौज सोहनपुरतर्फ अगाडि बढ्यो । त्यसै बेला नेपालबाट पठाइएको थप फौजमध्ये गोरखनाथ पल्टन त्यहाँ आइपुग्यो र यी सबैको प्रयासबाट सोहनपुर पनि अङ्ग्रेजहरूको हातमा आयो । यति भइसकेपछि नेपाली र अङ्ग्रेजी सैनिक रहेको एउटा सानो फौज सुरक्षाको लागि गोरखपुरतर्फ पठाइयो र पहलमानसिंहको नेतृत्वमा रहेको बाँकी नेपाली फौज कालीबक्स र शेरले आजमगढ, जौनपुर र बादलपुरको सुरक्षाको जिम्मा लिएर बस्यो (विष्ट, वि.सं. २०२०) । नेपाली फौजले विद्रोहीहरूलाई दमन गरी मूख्य-मूख्य विद्रोह स्थलहरूलाई नियन्त्रणमा लिई सुरक्षाको जिम्मा लिएपछि ती ठाउँहरूमा विद्रोहीहरूले पुनः विद्रोह मच्चाउन सकेनन् ।

यसै बीच दुईजना विद्रोही नेताहरूले चादे र सरवाँ क्षेत्रमा ठूलो तयारी गरिरहेको खबर आयो । चादेमा एकजना विद्रोही नेताले आफूलाई निजाम घोषित गरी करिब १४००० मानिसलाई हातहतियारले सुसज्जित गरी अङ्ग्रेजी फौजसँग मुकाबिला गर्न तयारी गर्दै थियो भने सरवाँ क्षेत्रमा फैजल अजिम नामको विद्रोही नेताले

हातहतियारद्वारा सुसज्जित ८००० मानिसलाई जम्मा गरी अगाडि बढ्न कोसिस गरिरहेका थिए । पहलमानसिंहले नेतृत्व गरेको नेपाली फौज र ब्रिगेडियर जनरल फ्रांकसले नेतृत्व गरेको अङ्ग्रेजी फौजलाई ती दुवै विद्रोही नेताहरूलाई दबाउने जिम्मेवारी दिइयो । उक्त संयुक्त फौजले पहिला नसरतपुरमा फैजल अजीमको फौजलाई पराजित गरी चादेमा रहेको निजामको फौजलाई ध्वस्त पाऱ्यो । यस युद्धमा पहलमानसिंह झण्डै बन्दी बनाइएका थिए, तर उनका सहयोगीहरूले उनको रक्षा गरे । यस युद्धमा नेपाली र अङ्ग्रेजी फौजमा केवल १२-१५ जनाले ज्यान गुमाए, तर विद्रोहीतर्फ भने सयजनाभन्दा बढि मानिसहरू मारिए । पराजित भइसकेपछि फैजल अजिमले सैनिक संगठन गरी अङ्ग्रेज फौजलाई चुनौती दिन खोजेका थिए । तर नेपाली र अङ्ग्रेजको संयुक्त फौजले उनको हरेक योजनालाई विफल बनाइदियो (राणा, सन् १९८०) । यसरी कतिपय स्थानहरूमा विद्रोह दमन गर्न नेपाली फौजले अङ्ग्रेज फौजसँग सहकार्य गरी महत्वपूर्ण सहयोग पनि गरेको थियो ।

यसप्रकार पहलमानसिंह सिंहको नेतृत्वमा गएको नेपाली फौजले आठ महिनाको अवधि (वि.सं. १९१४ असारदेखि माघसम्म) मा अनेकौं युद्धहरू गरी केही विशेष क्षेत्रहरूमा विदोहीहरूलाई दबाउन महत्वपूर्ण भूमिका खेलेको थियो । पहलमानसिंहको नेतृत्वमा पठाइएको नेपाली फौजका अतिरिक्त जंगबहादुरले समय-समयमा थप फौज पनि पठाएका थिए । पहलमानसिंहले नेतृत्व गरेको फौज काठमाडौँबाट रवाना भएको केही दिनपछि नै सुगौलीस्थित भारतीय सिपाहीहरूले विद्रोह गरेकाले त्यसको स्थान लिन ब्रिटिश रेजिडेण्ट रामसेले पाँच सयजना नेपाली सैनिक पठाइदिन जंगबहादुरसँग अनुरोध गरे । तर ५०० सैनिकले खास केही काम गर्न नसक्ने कुरा महसुस गरी जंगबहादुरले कर्णेल भैरवनरसिंह कुँवर राणाको नेतृत्वमा गोरखनाथ र बरख गरी दुई पल्टनका २००० नेपाली सैनिकहरूलाई त्यहाँ पठाएका थिए (नेपाली सेना जंगी अड्डा, अभिलेख शाखामा रहेको, भाग ३, फाइल नं. ७) । भारत पुगेपछि गोरखनाथ र बरख पल्टनले छवटा युद्धहरू लडेका थिए जसमध्ये चारवटा अल्मोडामा भएको थियो भने एउटा सोहनपुरमा र अर्को नागर भन्ने स्थानमा भएको थियो । त्यसै गरी नेपालले मेजर कप्तान श्रीभक्त खड्का र सेवकराम थापाको नेतृत्वमा गोरखनाथ र रामदल भएको एउटा अर्को फौज पनि पठाएको थियो (नेपाली सेना जंगी अड्डा, अभिलेख शाखामा रहेको, भाग ३, फाइल नं. ८) । यसको अतिरिक्त कार्तिक महिनाको अन्त्यतिर १०२ जनाको एउटा सानो नेपाली फौज मोतीहारीतर्फ पठाइएको थियो भने पौष महिनाको शुरुमा डोटीबाट २९० जनाको नेपाली फौज कुमाउँतर्फ पठाइएको थियो । यस फौजलाई कुमाउँका कमिस्नर मेजर हेनरी रामसेको अधीनमा राखिको थियो । यसले कुमाउँको सुरक्षाको लागि महत्त्वपूर्ण काम गरेको थियो । यस फौजले विद्रोहीहरूसँग युद्ध पनि गर्नुपरेको थियो । ती युद्धहरूमा नेपाली फौजले बहादुरी देखाएकोले कुमाउँका कमिस्नरले उनीहरूको ठूलो प्रशंसा पनि गरेका थिए । उक्त फौजमा कालीजंग पल्टनका जवानहरू थिए (नेपाली सेना जंगी अड्डा, अभिलेख शाखामा रहेको, भाग ३, फाइल नं. ७)  यसप्रकार नेपाली फौजले विद्रोही

दबाउन र विद्रोहीहरूको हातबाट महत्त्वपूर्ण स्थानहरूको रक्षा गर्न अङ्ग्रेज सरकारलाई ठूलो मद्दत गरेको थियो ।

**दोस्रो चरणको विद्रोह दमन र जंगबहादुरको भूमिका**

नेपालले वि.सं. १९१४ को असार महिनादेखि नै अङ्ग्रेजहरूलाई सहायता गरी विद्रोह दबाउन पटक-पटक फौज पठाउदै आएको भए तापनि जंगबहादुर यसबाट पूर्ण रूपले सन्तुष्ट थिएनन्, किनकि उनी आफै फौजको नेतृत्व गरी विद्रोह दबाई अङ्ग्रेज सरकारलाई खुशी पार्न चाहन्थे । अतः शुरुदेखि नै जंगबहादुर नेपाली फौजको नेतृत्व गरी भारत जान खोजिरहेका थिए । सुरूमा उनले छ हजार नेपाली फौजसहित आफू स्वयम् भारत जाने प्रस्ताव राखेका थिए भने पछि उनले १२ देखि १५ हजार फौज र २७ वटा तोपसहित आफू स्वयम् अङ्ग्रेज सरकारलाई मद्दत गर्न जाने इच्छा व्यक्त गरेका थिए (नेपाली सेना जंगी अड्डा, अभिलेख शाखामा रहेको, भाग ३, फाइल नं. ७) । एकपल्ट त उनले पचास हजार फौजसहित आफू भारत जान तयार रहेको कुरा पनि रेजिडेण्ट रामसेलाई भनेका थिए (मजुमदार, सन् १८७३) । तर अङ्ग्रेज सरकारको दृष्टिकोण भने अर्कै थियो । किनभने भारतमा जंगबहादुरको उपस्थिति हुदाँ के हुने हो भन्ने कुरामा शंका राखी केनिङ्ग सकेसम्म जंगबहादुरको आगमन रोक्न चाहन्थे । त्यसो हुँदाहुँदै पनि नेपाली फौजले देखाएको बहादुरी र कर्तव्यपरायणताबाट अङ्ग्रेज पदाधिकारीहरू निकै प्रभावित भइसकेका थिए । त्यस अवस्थामा विद्रोहको केन्द्रस्थल अवध नेपालको सिमानासँग जोडिएकोले जंगबहादुरले नेतृत्व गरेको नेपाली फौजले त्यहाँको विद्रोह छिटो दबाउन सक्ने आशा अङ्ग्रेज सरकारले लियो (शर्मा, वैद्य र मानन्धर, वि.सं. २०४९) । यसका अतिरिक्त नेपालमा धेरै वर्षसम्म रेजिडेन्ट भई बसिसकेका हडसनले पनि जंगबहादुरले नेतृत्व गरेको फौजलाई भारत आउन अनुमति दिन गभर्नर जनरलसमक्ष अनुरोध गरे (हण्टर, सन् १८९६) । अन्ततोगत्वा गभर्नर जनरलले जंगबहादुरको नेतत्वमा आउने ८००० फौजको लागि स्वीकृति दिए । भारत जाने फौज तयार गर्न लाग्ने खर्च र भारतमा रहँदा लाग्ने नेपाली सेनाको सबै खर्च अङ्ग्रेज सरकारले बेहोर्ने भयो र जंगबहादुरलाई एउटा स्वतन्त्र देशको कमाण्डरको दर्जा दिइए तापनि उनले अङ्ग्रेज कम्याण्डर-इन-चीफको योजना र सल्लाहअनुसार काम गर्नुपर्ने कुरा पनि अवगत गराइयो (रमाकान्त, सन् १९६८) । त्यति बेला जंगबहादुरले पनि आफ्नो फौजलाई बाँडेर प्रयोग नगर्ने शर्त राखेका थिए । जंगबहादुरको भनाइअनुसार त्यसो गरेको खण्डमा नेपाली फौजले आफ्नो बहादुरी देखाउने मौका पाउँदैनथ्यो र सिपाहीको हातबाट बन्दुक खोसी लडाइँमा पठाउनु जस्तो हुन्थ्यो (शर्मा, वैद्य र मानन्धर, वि.सं. २०४९) । जंगबहादुरले राखेको उक्त शर्त र तर्क उपयुक्त नै थियो ।

जङ्गबहादुरको शर्त अङ्ग्रेजहरूले स्वीकार गरेपछि मार्ग महिनाको अन्ततिर जंगबहादुर करिब ९००० नेपाली सैनिकका साथ काठमाडौँबाट प्रस्थान गरे । जानुभन्दा अघि उनले दिएको सन्देशमा अङ्ग्रेजलाई मद्दत

दिँदा नेपाललाई भविष्यमा धेरै फाइदा हुने र देशबाहिर नेपाली फौजले आफ्नो बहादुरी देखाउने मौका पाउने कुरा उल्लेख गरेका थिए (ओल्डफिल्ड, सन् १८८०) । जंगबहादुरले आफूसँगै कुन-कुन पल्टन लगेका थिए भन्ने कुरा भारतीय एवं नेपाली दस्ताबेजहरूमा उल्लेख गरिएको पाइँदैन । यसबाट जंगबहादुरले सबै पल्टनबाट योग्य र अनुभवी व्यक्तिहरू छानेर लगेका थिए भन्ने अन्दाज लगाउन सकिन्छ । टेकबहादुर खत्रीले वि.सं १९१४ को विद्रोह दबाउन २६ पल्टन फौज भारत गएको उल्लेख गरेका छन् (खत्री, वि.सं. २०४१) । जसमध्ये पहलमानसिंहको नेतृत्वमा छवटा पल्टन, पछि दुईवटा पल्टन र कुमाऊँमा एउटा पल्टन पठाइएको कुरा माथि उल्लेख भइसकेको छ । सो सूचीलाई विचार गरी हेर्दा जंगबहादुरको नेतृत्वमा भैरवनाथ, पुरानोगोरख, कालीप्रसाद, सिंहनाथ, शमशेरदल, महीन्द्रदल, राजदल, र जंगनाथ पल्टन गएको देखिन्छ (शर्मा, वैद्य र मानन्धर, वि.सं. २०४९) । विद्रोह दमन गर्न नेपालबाट कुन-कुन पल्टनबाट कति सैनिक गएका थिए भन्ने कुराको जानकारी परिशिष्ट-क बाट स्पष्ट बुझ्न सकिन्छ ।

विद्रोहीहरूविरुद्ध कारबाही गर्न जंगबहादुरले आफ्नो फौजलाई तीन भागमा बाँडेका थिए । पहिलो डफ्फामा रैफल बडी गार्डका साथै अन्य आठ पल्टन सामेल गरिएको थियो र त्यसको नेतृत्व स्वयम् जंगबहादुरले लिएका थिए । स्पष्ट छ, अन्य दुई डफ्फामा थोरै व्यक्तिहरू सामेल गरिएका थिए र उनीहरूलाई आवश्यक पर्ने सामग्रीहरूको बन्दोबस्त गर्ने जिम्मा दिइएको थियो । ती दुई डफ्फाको नेतृत्व क्रमशः जनरल खड्गबहादुर र जनरल बखतजंगले लिएका थिए । रणोद्दीपसिंह र धीरशमशेरले जंगबहादुरको सहायकका रूपमा काम गरेका थिए (राणा, सन् १९८०) । नेपाली फौजको विशेषता के थियो भने त्यसमा केही चित्रकारहरू पनि थिए जसलाई युद्धक्षेत्रको तस्वीर बनाउने जिम्मा दिइएको थियो (शर्मा, वैद्य र मानन्धर, वि.सं. २०४९) । तर ती चित्रकारहरू को-को थिए भनेर नाम थाहा हुन सकेको छैन ।

जंगबहादुरले नेतृत्व गरेको नेपाली फौज बिसौली हुँदै सुगौली पुग्यो, जहाँ बिग्रेडियर जनरल जी.एच. म्याकग्रेगर र उनी अधीनका कैयौँ अङ्ग्रेज अफिसरहरू यसमा सामेल गरिएका थिए । म्याकग्रेगरलाई नेपाली फौजमा गभर्नर जनरलको एजेन्टको रूपमा काम गर्न नियुक्त गरिएको थियो भने अन्य अङ्ग्रेज अफिसरहरूलाई पनि विभिन्न प्रकारबाट नेपाली फौजलाई सहयोग गर्ने जिम्मेवारी सुम्पिएको थियो । सुगौलीबाट अगाडि बढी नेपाली फौज बेतिया पुग्यो र त्यहाँबाट पौष महिनामा गोरखपुर पुग्यो । समय खेर नफालिकन नेपाली फौजले भोलिपल्ट नै गोरखपुरमा आक्रमण गऱ्यो । यस युद्धमा विद्रोहीहरूतर्फ २०० भन्दा बढी मारिए वा घाइते भए । गोरखपुरको विद्रोह दमन गरी नियन्त्रणमा लिन रैफल, काली प्रसाद, भैरवनाथ, नरसिंहदल, जगदल, श्रीनाथ र जंगनाथ पल्टनले महत्त्वपूर्ण भूमिका खेलेका थिए । उनीहरूले तोप, बन्दुक, तरवार, संगीन आदिको प्रयोग गरेर विद्रोहीहरूलाई मारेका थिए (परिशिष्ट-ख) । तर नेपाली फौजतर्फ भने थोरै व्यक्ति मारिए वा घाइते भए ।

विद्रोहीहरू राप्ती नदी तरेर भागेपछि गोरखपुर नेपाली सेनाको कब्जामा आयो । जंगबहादुरले आफ्नो फौजलाई गोरखपुरको कुना-काप्चामा पठाई विद्रोहीहरूको दमन गरे र यसप्रकार त्यो क्षेत्र विद्रोहीहरूको हातबाट पूर्ण रूपले मुक्त भयो । जंगबहादुर र नेपाली फौज गोरखपुरमा एक महिनाभन्दा बढी समयसम्म रहे र त्यहाँको शान्ति सुरक्षाको जिम्मेवारी दुई पल्टन फौजलाई सुम्पी फागुनको सुरूमा नेपाली फौज त्यहाँबाट प्रस्थान गऱ्यो (मानन्धर, मिश्र, पन्त, राठौर र पंगेनी, वि.सं. २०६९) । यस प्रकार विद्रोह दमन गरिसकेपछि पनि नेपाली सेनाका केही पल्टनहरू शान्ति सुरक्षा कायम गर्न केही समय भारतमा नै बसेका थिए ।

नेपाली फौजले दोस्रो युद्ध अम्बरपुरमा गऱ्यो जहाँ विद्रोहीहरूले बेरोजपुरको किल्लामाथि कब्जा गरिरहेका थिए । गोरखपुरमा नेपाली फौजले गरेको विजयबाट नै त्यस क्षेत्रमा विद्रोहीहरूको मनोबल टुटिसकेको थियो । अतः अम्बरपुर पनि कुनै खास कठिनाइविना विजय भयो । त्यसको केही दिनपछि अर्थात् फागुन महिनामा नेपाली फौजले विद्रोहीहरूको कब्जामा रहेको फैजाबादका दुई किल्लाहरू जिते र कन्टु नदीको आसपासका क्षेत्र पनि नेपाली फौजको अधीनमा आयो । त्यसै बेला गोरखपुरमा विद्रोहीहरूले फेरि एकपल्ट हमला गरे, तर त्यहाँ रहेको नेपाली फौजले उनीहरूलाई पराजित गऱ्यो । यसै सिलसिलामा नेपाली फौजले पिपरा, साहिबगञ्ज, शाहजंग, बलेवा र जलालपुरबाट विद्रोहीहरूलाई एक-एक गरी धपायो (राणा, सन् १९८०) । साहिबगञ्जको विद्रोह दबाउन कालीबक्स र नरसिंहदलले भूमिका खेलेका थिए (परिशिष्ट-ख) ।

जंगबहादुर र पहलमानसिंहले नेतृत्व गरेको नेपाली फौजले अनेकौं युद्ध गरी विद्रोहीहरूलाई सखाप पारेपछि लखनउ मात्र कब्जा गर्न बाँकी थियो । फागुन महिनाको अन्ततिर जंगबहादुर आफ्नो फौजसहित लखनउ पुगे र त्योभन्दा अघि नै पहलमानसिंहले नेतृत्व गरेको फौज लखनउ पुगिसकेको थियो । दुवैले नेतृत्व गरेको फौजको संख्या १४००० थियो (रमाकान्त, सन् १९६८) । लखनउमा विद्रोहीहरूविरुद्ध कारबाही गर्न खटिएको अङ्ग्रेज फौजको नेतृत्व कमाण्डर-इफ-चीफ कोलिन क्याम्पवेलले गरेका थिए र जंगबहादुरलाई उक्त अङ्ग्रेजी फौजसँग मिली लखनउमा आक्रमण गर्न अनुरोध गरिएको थियो । जंगबहादुरको फौज लखनउ पुग्न केही ढिलो भएकोले क्याम्पवेलले नेपाली फौजको सहयोगविना नै लखनउमा आक्रमण गर्न गभर्नर जनरलसँग अनुमति मागेका थिए, तर केनिङ्गले भने नेपाली फौज त्यहाँ पुगेपछि मात्रै लखनउमा आक्रमण गर्न कडा नसिहत दिएका थिए (मजुमदार, सन् १८७३) । त्यसैले जंगबहादुर लखनउ पुगेको भोलिपल्टदेखि नै नेपाली र अङ्ग्रेजी फौजले लखनउका विभिन्न स्थानमा धावा बोल्यो र केही दिनभित्रै त्यो शहर पूर्ण रूपले अङ्ग्रेज सरकारको नियन्त्रणमा आयो ।

पहिलो आक्रमण बेगम कोठीमा गरियो जहाँ लगातार नौ घण्टासम्म संघर्ष भयो । विजय संयुक्त फौजको भयो र विद्रोहीतर्फ करिब ६०० जना मारिए । भोलिपल्ट नेपाली फौजले आलमबागमा आक्रमण गऱ्यो र त्यो

स्थान पनि जित्यो । त्यस युद्धको नेतृत्व स्वयम् जंगबहादुरले सम्हालेका थिए र नेपाली फौजका २०० जवान मारिँदा पनि जंगबहादुरले आफ्ना सैनिकहरूको आत्मबल बढाई आक्रमण गरी आलमबागलाई कब्जा गर्न सफल भए (मानन्धर, मिश्र, पन्त, राठौर र पंगेनी, वि.सं. २०६९) । त्यसपछि नेपाली फौजले क्रमैसँग इमामवारा, छतरा मन्जिल, मोतीबाग, तारा कोठी, कैसरबाग आदि पनि विजय गरे । यीमध्ये धेरै ठाउँमा नेपाली फौजको नेतृत्व स्वयम् जंगबहादुरले सम्हालेका थिए (राणा, सन् १९८०) ।

चैत्र महिनाको अन्ततिर विद्रोहीहरूले आलमबाग कब्जा गर्न एकपल्ट फेरि प्रयास गरे, तर नेपाली फौजले उनीहरूको प्रयास सफल हुन दिएन । त्यसको भोलिपल्ट हुसेनी मस्जिद कब्जा गर्न हिँडेको नेपाली फौजमाथि विद्रोहीहरूले बाटैमा एक्कासि हमला गरे पनि नेपाली फौजले खुकुरीको भरमा विद्रोहीहरूलाई सखाप पारे । त्यसपछि विद्रोहीहरूले लुकी-छिपी नेपाली फौजमाथि गुरिल्ला युद्ध गर्न थाले र दिनभरि नै लखनउको सडकमा नेपाली फौज र विद्रोहीहरूबीच संघर्ष भयो । तर गुरिल्ला युद्धमा पोख्त नेपाली फौजको सामुन्ने विद्रोहीहरूको केही लागेन । त्यसपछि जनरल धीरशमशेरको नेतृत्वमा नेपाली फौजले अङ्ग्रेज र सिख सेनासँग मिली लखनउभन्दा चार मील पर रहेको मुसाबागमा हमला गरे (जबरा, वि.सं. २०५९) । त्यहाँ राजकुमार बृजिस कादिर र उनकी आमा बेगम हजरत महल शरण लिई बसेका थिए । थोरै समयको युद्धपछि त्यो स्थान पनि नेपाली फौजले दखल गऱ्यो । यसप्रकार चैत्र महिनाको पहिलो हप्तासम्ममा सम्पूर्ण लखनउ शहर र यसका आसपासका क्षेत्रमा अङ्ग्रेज सरकारको आधिपत्य कायम भयो । लखनउ कब्जा गर्न सिंहनाथ, शेर जंगनाथ र कालीबहादुर पल्टनले प्रमुख भूमिका खेलेका थिए । यसबारे नेपाली दस्ताबेजमा "मार्च मैन्हाका १९ तारिषमा लषनौ फत्य भया दुस्मनहरू कोही भागा रोहिलषंड तरफ गया छन् कोही मारिया अरू षरषजना तोप गैह्र हात लाग्या" भनी लेखिएको छ (नेपाली सेना, जंगी अड्डा, अभिलेख शाखामा रहेको भाग ३, फाइल नं. ७) । लखनउ विजय गरेपछि उक्त विद्रोह समाप्त भएको थियो ।

### प्रधानमन्त्री जंगबहादुर र नेपाली फौजको स्वदेश फिर्ती

विद्रोहलाई सफलतापूर्वक दमन गरिसकेपछि जंगबहादुर लखनउबाट प्रयाग गए जहाँ उनले गभर्नर जनरलसँग भेट गरे । अङ्ग्रेज सरकारको तर्फबाट जंगबहादुर र उनका अफिसरलाई अनेकौं उपहारहरू जस्तै हीराको औंठी, सुनौला घडी, दूरबीन, चाँदीको बाकस, बेलायती चाँदीको फूलदानी आदि दिइयो । त्यसको चार दिनपछि केनिङ्ग स्वयम् जंगबहादुरको पालमा आई भेट गरे । त्यहाँबाट जंगबहादुर, उनका भाइहरू र अन्य केही व्यक्तिहरू बनारस हुँदै पाल्पा पुगी त्यहाँबाट मुक्तिनाथको दर्शन गरी वि.सं. १९१५ जेठ महिनामा काठमाडौं आइपुगे । नेपाली फौज नवाबगञ्जको बाटो भई नेपाल फर्क्यो (नेपाली सेना, जंगी अड्डा, अभिलेख शाखामा रहेको भाग ३, फाइल नं.६) ।

**नेपाललाई भएको फाइदा र नेपाली सेनाको मूल्याङ्कन**

वि.सं.१९१४ को भारतीय विद्रोह दमन गर्न नेपालले गरेको सहयोगबाट खुशी भई अङ्ग्रेजहरूले जंगबहादुरलाई जी.सी.बी., अन्य अफिसर र जवानलाई भत्ता र विभिन्न तहका पदकहरू दिए । सुगौलीको सन्धि (वि.सं १८७२) मा नेपालले आफ्ना धेरै भूमिहरू गुमाएको थियो । त्यसैले वि.सं.१९१७ को कार्तिक महिनामा विधिवत् रूपमा नेपाल र अङ्ग्रेज सरकारबीच एउटा सन्धि भयो जसअनुसार भारतीय विद्रोह दबाउन नेपाली फौजले गरेको मद्दतका लागि काली र राप्ती नदी बीचका र राप्ती र गोरखपुर जिल्ला बीचका तराईका भूभागअन्तर्गत बाँके, बर्दिया, कैलाली र कञ्चनपुर नेपाललाई फिर्ता दिइयो (रमाकान्त, सन् १९६८) । यो नेपालका लागि ठूलो उपलब्धि थियो ।

विद्रोह दबाउन नेपालले गरेको मद्दतका लागि अङ्ग्रेज पदाधिकारीहरूले अनेकौं प्रशंसापत्रहरू नेपाल सरकारछेउ पठाएका थिए । त्यसका अतिरिक्त लण्डनस्थित सिक्रेट कमिटीले गभर्नर जनरललाई लेखेको पत्रमा नेपालले गरेको मद्दतबारे यस्तो टिप्पणी गरिएको थियो;

यो मद्दत हामीलाई ज्यादै आवश्यक परेको वेला दिइएको थियो । महाराजाले मद्दत नगरेको भए हाम्रो के अवस्था हुन्थ्यो भन्ने कुरा हामी कल्पना नै गर्न चाहदैनौं । त्योभन्दा पनि बढी यदि महाराजले हामी कठिनाइमा परेको वेलाको फाइदा उठाई हाम्रो रक्षाको लागि पठाएको फौज उनले हाम्रोविरुद्ध (विद्रोहीहरूको समर्थनमा) प्रयोग गरेको भए घटनाले कुन रूप लिन्थ्यो भन्ने कुरा हामी कल्पना नै गर्न सक्दैनौं (मजुमदार, सन् १८७३: ७९) ।

नेपालको मद्दत प्राप्त गर्न विद्रोहीहरूले पनि निकै प्रयत्न गरेका थिए (हुसेन, सन् १९७०) । जंगबहादुरका भाइहरूलगायत अन्य पदाधिकारीहरू पनि विद्रोहीहरूलाई मद्दत दिने पक्षमा थिए । तर जंगबहादुरको प्रयत्नले गर्दा नेपाली फौजले अङ्ग्रेज सरकारको साथ दियो । अवधकी बेगमले आफूलाई मद्दत गरेको खण्डमा जंगबहादुरलाई गोरखपुर, आजमगढ़, छपरा, बनारस आदि इलाका दिने प्रलोभन दिएकी थिइन् । त्यतिले चित्त नबुझे अवध नै नेपाललाई हस्तान्तरण गर्न समेत बेगम तयार थिइन् । यसरी नेपाली फौजको मद्दत पाउन अवधले धेरै प्रयास गरेको थियो (मजुमदार, सन् १८७३) । यसका अतिरिक्त नेपाली फौज विद्रोहीहरूको मद्दतका लागि भारत आएको भनी विद्रोहीहरूले व्यापक प्रचार पनि गरेका थिए । तर जंगबहादुर अवधको बेगमको

प्रलोभनमा पनि फसेनन् र झुटो प्रचारबाट पनि विचलित भएनन् । उनले सबै कुरा विचार गरी बुद्धिमत्तापूर्वक अङ्ग्रेज सरकारलाई मद्दत गरे ।

यति हुँदा हुँदै पनि विद्रोह दबाउन नेपाली फौजले खेलेको भूमिकाबारे केही लेखकहरूले नकारात्मक टिप्पणी पनि गरेका छन् । पहिलो भनाइ के छ भने जंगबहादुर आफ्नो फौजसहित भारत आउँदा विद्रोह धेरै हदसम्म समाप्त भइसकेको थियो र नेपाली फौजले कुनै पनि महत्त्वपूर्ण युद्ध लड्नुपरेन । बरू पहलमानसिंहको नेतृत्वमा पहिले पठाएको नेपाली फौजले केही महत्वपूर्ण युद्धहरू जितेका थिए (रमाकान्त, सन् १९६८) । विद्रोहीहरूको कमजोर स्थितिलाई ध्यानमा राखी क्याम्पवेलले नेपाली फौजको मद्दतविना नै लखनउमा आक्रमण गर्न तयारी गरिसकेका थिए ।

यो भनाइ पूर्ण रूपले सत्य छैन । पहलमानसिंहको नेतृत्वमा गएको नेपाली फौजले धेरै पटकसम्म विद्रोहीहरूसँग युद्ध गरे तापनि गोरखपुर विजय गर्न सकेको थिएन र जंगबहादुरको फौजले एकैपटकको युद्धमा गोरखपुर जितेको थियो । जहाँसम्म लखनउ अभियानको प्रश्न छ, त्यसमा नेपाली फौजले महत्त्वपूर्ण भूमिका खेलेको थियो, किनकि अङ्ग्रेज फौजले मात्रै लखनउमा कुनै युद्ध लडेन । यसका अतिरिक्त नेपाली फौजले मारेका विद्रोहीहरूको संख्या उल्लेख भएको एउटा दस्तावेज शाही नेपाली जंगी अड्डामा छ जसमा विभिन्न संख्या उल्लेख गरिएको छ । यसअनुसार नेपाली फौजले ५००० लाई मारेको र ४०६ लाई जिउँदै पक्रेको थियो । विद्रोहीहरूलाई मार्दा नेपाली फौजले तोप, बन्दूक, तरवार, खुकुरी, संगीन आदि प्रयोग गरेका थिए । नेपाली फौजसँग गएका पिपा र अन्य व्यक्तिहरूले समेत केही विद्रोहीहरूलाई मारेका थिए । नेपाली फौजले मारेका वा जिउँदै पक्रेका विद्रोहीहरूको संख्या यसप्रकार छ (नेपाली सेना, जंगी अड्डा, अभिलेख शाखामा रहेको भाग ३, फाइल नं.८);

| **फौज** | **मारेको** | **जिउँदै पक्रेको** | **जम्मा** |
|---|---|---|---|
| पहलमानसिंहको नेतृत्वमा गएको | ३००७ | २४३ | ३२५० |
| श्रीभक्त खड्का र सेवक राम थापाको नेतृत्वमा गएको | ४२८ | ४ | ४३२ |
| जंगबहादुरको नेतृत्वमा गएको | १४७३ | १५९ | १६३२ |
| भैरवनरसिं कुँवरको नेतृत्वमा गएको | १०० | | १०० |
| जम्मा | ५००८ | ४०६ | ५४१४ |

स्रोतः नेपाली सेना, जंगी अड्डा, अभिलेख शाखामा रहेको भाग ३, फाइल नं.८

नेपाली फौजमाथि अर्को आरोप के लगाइयो भने यो फौज सैनिक कारबाही गर्नमा ज्यादै ढिलो हुनाको साथै यसमा अनुशासनको ठूलो कमी थियो। नेपाली फौजले मार्च गर्दा सैनिक जस्तो नभई मानिसहरूको भिड दौडेको भान हुन्थ्यो (रमाकान्त, सन् १९६८)। लखनउ विजयपछि नेपाली फौजले त्यहाँ गरेको लुटपाटका सम्बन्धमा पनि नेपाली फौजको आलोचना गरिएको पाइन्छ। अवधका शासकहरूले प्रयोग गर्ने बहुमूल्य कपडाहरू नेपाली फौजले ओछ्यानका रूपमा प्रयोग गरेका थिए (राणा, सन् १९८०)।

जहाँसम्म नेपाली फौजको अनुशासनको कमी थियो भन्ने प्रश्न छ, निश्चय पनि अङ्ग्रेज फौजको तुलनामा नेपाली सेनाको अनुशासन फितलो हुन सक्छ। तापनि भारतीय फौजको तुलनामा नेपाली सेनाको कार्य उच्च रहेको थियो जुन कुरा अङ्ग्रेज कमाण्डरहरूले पनि स्वीकार गरेका छन् (रमाकान्त, सन् १९६८)। लखनउ लुटेको बारेमा पनि माथि उल्लिखित वर्णनमा धेरै सत्यता देखिन्छ। तर त्योभन्दा महत्त्वपूर्ण कुरा के छ भने लखनउमा लुट नेपाली फौजले मात्रै नभई अङ्ग्रेज फौजले पनि गरेका थिए र दस्तावेजहरूले संकेत गरेअनुसार अङ्ग्रेज फौजले लुटपाटको काम शुरु गरेपछि मात्रै नेपाली फौजले त्यही अनुसरण गरेको थियो। लुटपाटको समयमा जंगबहादुर घटना स्थलमा थिएनन् र पछि उनले सोधपुछ गर्दा विद्रोहीहरूले घरको झ्याल र छानाबाट जथाभावीसँग अङ्ग्रेजी र नेपाली फौजमाथि आक्रमण गरेकोले विद्रोहीहरूमाथि जाइलागी लुटपाट गरेको कुरा अङ्ग्रेजी र नेपाली फौजका अफिसरहरूले स्वीकारेका थिए (मजुमदार, सन् १८७३)।

माथि उल्लिखित केही नकारात्मक टिप्पणी गरिए तापनि वि.सं.१९१४ को भारतीय विद्रोह दबाउन नेपाली सेनाले महत्त्वपूर्ण भूमिका खेलेको कुरालाई सबैले स्वीकार गरेका छन्। अङ्ग्रेज सरकारले तयार गरेको सरकारी दस्तावेजमा नेपाली फौजको मद्दतले अङ्ग्रेज फौजमा नयाँ उत्साह जागरण गराएको र त्यसले विद्रोहीहरूको मनोबल गिराएको कुरा स्पष्ट रूपमा उल्लेख गरिएको छ (रमाकान्त, सन् १९६८)। विशेष गरी विद्रोहको केन्द्र मानिने गोरखपुर र लखनउ कब्जा गर्न नेपाली सेनाले खेलेको भूमिका महत्त्वपूर्ण देखिन्छ। त्यति मात्र होइन विद्रोहीहरूलाई दबाउने कार्य भारतीय भूमिमा मात्र सीमित रहेन, अङ्ग्रेज सेनाको मारबाट बच्न हजारौँको संख्यामा पश्चिम नेपालको तराईको जंगलमा पस्न बाध्य भएका विद्रोहीहरूलाई नेपाली सेनाले धपाउनु पनि परेको थियो (अधिकारी, वि.सं. २०३५-३७)। त्यसै गरी केही ठूला राजपरिवारका सदस्यहरूलाई जंगबहादुरले नेपालमा शरण पनि दिएका थिए।

**निष्कर्ष**


वि.सं. १९१४ मा भारतमा भएको यस सिपाही विद्रोह दबाउन नेपाली सेनाले खेलेको भूमिका महत्त्वपूर्ण छ। विद्रोह दमन गर्ने सिलसिलामा नेपाली सेनाले जहाँ-जहाँ लडाइँ गऱ्यो त्यहाँ नेपाली सेनाले आफ्नो वीरता र रणकौशलता प्रदर्शन गर्ने अवसर प्राप्त गऱ्यो। जसले गर्दा बेलायतलगायत विश्वले नेपाली सेनाको बहादुरी

थाहा पायो । विद्रोह दमन गर्न नेपालले महत्त्वपूर्ण सहयोग गरेका कारण अङ्ग्रेजहरू खुसी भई सन्धिमार्फत् नेपालले सुगौली सन्धिमा गुमाएको बाँके, बर्दिया, कैलाली र कञ्चनपुर फिर्ता गरिदिए, जुन कुरा नेपालको लागि महत्त्वपूर्ण उपलब्धी थियो ।

विद्रोह दमन गर्न नेपालले अङ्ग्रेजलाई सैनिक सहयोग गरेकाले अङ्ग्रेज नेपालसँग खुसी भई नेपाल-बेलायत सम्बन्ध पनि राम्रो भयो । बेलायतको लागि नेपाल एक असल र विश्वासिलो मित्र हो भन्ने कुरा यसपछि प्रष्ट भयो । बेलायतसँग राम्रो सम्बन्ध भएका कारण राणा शासकहरूलाई आफ्नो शासन अघि बढाउन सहज पनि भयो । तर नेपालले आफूहरूलाई सहयोग नगरी अङ्ग्रेजहरूलाई सहयोग गरेका कारण भारतीयहरू राणा शासकहरूसँग असन्तुष्ट भए । त्यसैले भरतीयहरूको मनमा राणा शासन विरोधी भावना मनमा गढेर रह्यो । जसको परिणामस्वरूप भारतलाई अङ्ग्रेज शासनबाट मुक्त गराइसकेपछि उनीहरूले नेपालमा पनि राणा शासन अन्त्य गराउन भूमिका खेलेका थिए । त्यसैले वि.सं. १९१४ को भारतीय विद्रोहमा राणा शासकहरूले भारतीयहरूलाई सहयोग नगरी अङ्ग्रेजलाई गरेको सहयोगको मूल्य वि.सं. २००७ सालमा चुकाउनु परेको थियो ।

## परिशिष्ट-क

**वि.सं. १९१४ मा भारतमा भएको विद्रोह दमन गर्न ब्रिटिश सरकारको सहयोगको लागि नेपालबाट गएका र फर्केका पल्टन र जवानहरूको संख्या जानकारी दिने दस्तावेज**



माफनेरीज

संम्वत १९१४ साल मा हिंदुस्थान नर्फ रेवील उठि हंगामा फसाद टिस सर्कार
का मद्दत निमित्त नेपाल सर्कार बाट मद्दत जादा मिती मिति माफ पल्टन पल्ट
न र मानाभयाको र मिति मिति माफीस्याको यस दरका अन्ना षाम्या भन्या
पल्टन पल्टनका दरज्यान रैहै दिवमोजिम फिता पथानामा वन्याका फिताप
र पल्टन र मानाभयाको र फिस्याको मिति षरिदार भी भलान लेदियाको
कागज वमोजिम जवान — ९१९३२

नपसील

नेपाल बाट र मानाभयाका जवान — १६०२६

पैह्ला रोल मा र मानाभयाको पल्टन ६ को — ३१२०
१४ साल आषाड बदि ७ रोज मा र मानाभै १५ साल
जेष्ठ बदि ८ रोज मा फिर्याका श्रीकालीबक्स देवीद
त पल्टन २ को जवान — १५४०
गोसराउ जवान — ६
श्रीकालीबक्सको जवान — ५११
श्रीदेवीदत्त को जवान — ५११

१४ साल आषाड सुदि १० रोज मा र मानाभै १५ साल
प्रथम जेष्ठ सुदि ३ रोज १ मा फिर्याको श्रीवर्दबहादुर से
र पल्टनैको जवान — १०४०
गोसराउ जवान — ६

2

श्रीबर्दबहादुरपल्टनकोजवान ———— ५११

श्रीसेरपल्टनकोजवान ———— ५११

---

१७सालआषाढसुदि११रोज५मारमानाभै१५साल
प्र.जेष्ठबदि८रोज१मा फिऱ्याका श्रीगोरखदलसङ्ग
पल्टनकोजवान ———— १०४०

गोसवाराजवान ———— ६

श्रीगणेशदलपल्टनकोजवान ———— ५१७

श्रीसबुजपल्टनकोजवान ———— ५११

---

फेऱ्याएलमारमानाभयाकापल्टनकोजवान ———— ११७६

१७सालभाद्रबदि७रोज४मारमानाभै१५सालदुजेष्ठ
बदि२०रोजमा फिऱ्याको श्रीजंगनाथपल्टनकाजवा
न ———— ५६७

१७सालभाद्रबदि११रोज१मारमानाभै१५सालदुजे
ष्ठबदि३०रोज६मा फिऱ्याको श्रीरामदलपल्टनको
जवान ———— ५३३

पल्टनरकोगोसवाराजवान ———— ५

---

श्री३महाराजकासवारीसंगमार्कर अंग्रेजीकाइलाकामा
कामगर्नजान्यापल्टनरतोपकाव्यारहसिन्लाइगन्याको
ज्याजवान ———— ११३५

श्रीजनरलबबजङ्गकुवररणाकाडीविजनमाज
वान ———— ४५६५


व्याटरी१कोजवान ———— ३३३५

२

१४ साल पोषवदि ९ रोज ४ मार मानाभै १५
साल प्रथम जेष्ठ सुदि २ रोज १ मा फि-या को
श्रीरैकलपल्टन को जवान ——— ७६२
पोषवदि ५ रोज १ मार मानाभै १५ साल ८
जेठवदि १२ रोज ४ मा फि-या को श्रीजगद
लपल्टन को जवान ——— ५२१
पोषवदि २ रोज ६ मार मानाभै १५ साल जे
ठवदि २ रोज ६ मा फि-या का श्रीकालिप्र
साद पल्टन को जवान ——— ५४१
पोषवदि ६ रोज २ मार मानाभै १५ साल ८
जेठवदि ३० रोज ६ मा फि-या को श्रीसुर्य
दलपल्टन को जवान ——— ७६१
पोषवदि ९ रोज मार मानाभै १५ साल
८ जेठसुदि १२ रोज मा फि-या को तोपका
धारी १ के जमाजवान ——— १४२

---

धारी १ को जमाजवान ——— ५६०
पोषवदि ५ रोज १ मार मानाभै १५ साल
८ जेठवदि ३ रोज १ मा फि-या को श्रीपुरा
नागोरष पल्टन को जवान ——— ५७५
पोषवदि ३ रोज ६ मार मानाभै १५ साल
८ जेठवदि ३० रोज ६ मा फि-या को श्रीभैर
वनाथ पल्टन को जवान ——— ५२१



४

पौषवदि २ रोज ५ मार मानाभै १५ साल
डुजेठवदि १० रोज ६ मा कि-याको श्रीसी
हनाथपल्टनका जवान ——— ५४७
पौषवदि २ रोज मार मानाभै १५ साल
डुजेठवदि २ रोज मा कि-याको गीपका
ध्याटरी १ केजवान ——— १०१

विर्भेडियेजनरल बड्क बहादुर कुँवर राणाजीका डि
विजनमा ज्माजवान ——— ४४२४
ध्याटरी १ काजवान ——— २६२२
पौषवदि ८ रोज ४ मार मानाभै १५ साल प्र
जेठसुदि ३ रोज १ मा कि-याको श्रीकालीब
हादुरपल्टन काजवान ——— ५४९
पौषवदि ६ रोज ५ मार मानाभै १५ साल
डुजेठवदि १२ रोज ४ मा कि-याको श्रीन
यागोरखपल्टन कोजवान ——— ५४७
पौषवदि ४ रोज ७ मार मानाभै १५ साल
डुजेठवदि ११ रोज ४ मा कि-याको श्रीरु
द्रधजपल्टनका जवान ——— ६२७
पौषवदि ४ रोज ७ मार मानाभै १५ साल
डुजेठवदि १२ रोज ४ मा कि-याको श्रीन
सिंदलपल्टनका जवान ——— ७६७
पौषवदि ८ रोज मार मानाभै १५ साल

५

प्रजेष्ठसुदि२रोज·३जेष्ठवदि३माफिन्या
कोतोपकाव्यारी१कोजवान् ——— १४२


व्यारी१कोज्याजवान् ——— ११६२


मार्गसुदि१५रोज३मारमानाभै१५साल
३·जेठवदि३०रोज६माफिन्याकोश्रीना
थपल्टनकोजवान् ——— ५४८
मार्गसुदि४रोज२मारवानाभै१५साल
३·जेष्ठवदि३०रोज६माफिन्याकोश्री
समेरदलपल्टनकाजवान् ——— ५४७
मार्गसुदि१२रोज१मारमानाभै१५साल
३·जेठवदि३०रोज६माफिन्याकोश्रीगो
रखनाथपल्टनकोजवान् ——— ५५७
पौषवदि६रोज मारमानाभै१५साल
३·जेठवदि३०रोज·माफिन्याकोतोपका
व्यारी१कोजवान् ——— १४०

पौषवदि८रोज४मारवानाभै१५साल·प्रथमज्येष्ठसु
दि१२रोज२माफिन्याकोआठपहरियाज्याजवान् १४८
श्री३महाराजको ——— १००
सेकेन्डकमानजनरलको ——— २४
जनरलको ——— २४

बिर्गेडियरको पल्टन७ बिर्गेडियरको पल्टन७ ज्या
पल्टन१४ रगोलंदाजीपल्टन१ कातोप २४ ज्यापल्टन१५

कोअजानागोलीगठानोपकोकार्तीसगोलागीराफ·सु
द्रौरेकेपृ·औपानगैरुकाजिम्मामालु करापन्या
ठाउकोनर्जुमा·मारीवोजिचल्यानचल्याकोविचार
गर्न्याविर्गीडिये र·विर्गीडियेरका·पल्टन पल्टनमा
पजानावरोव र·पु·पाउन्या·चक्न किछुचीरानाका
पजानाकुद्यार रापन्यावाउन्या आगोजलंगालेन
कोविचार रापन्या पल्टनकालैन छाडनी मापालय
गीन्या कुच मा पालउठाई दिन्या कामका अफिसर
मानी सन्माजदान —————————— १२८६
गैरुपल्टनमा र्दुद्द नोपका नपना पैयाधु राकीलाकाय
वंडकका चाप·छुविक मानीकील कारआरपालकी ग
ज·गैरु·लोहा कोकामगर्न्याकालिगरुजदान —————— ५१
मार्गसुदि २ रोज ४ मा रमानाभै गयाको फालुआन्माजा
माजदान पल्टनकालि पाहीनडाभीमामन्यीन
पमिउन्या वेरमभै भमक्रमभयाका वालिरु भसाका
ठाउमा भर्ति भैलड्न जान्मा जदान —————— ५०६
गैरुकोनकानलपभन्नावाउन्याकामकोजदान —— १४
नोपचीसाम्र्या घोडाको कामगर्न्याजदान —————— १६
विसौलीपामाफौजःपुग्यापछिनोपरमानागदीष
नासीनपुगीथपूभयाकोवमोजिमःपिपरघादूवा
र आयाकाफागजउमाजदान —————— २५
वंडकका लौरी नीसदान संगीनकाषोलको रीऔ


नोपकाचमदाकोकामगेहुगन्याजशान् —— १६
गेहुपल्टनकावनुदकाकुमदानोपकानपनायेपाछ
न्याजनाकामंडुमगेहुपाठकोकामगन्याजशान् —— १६
गेहुपल्टनकाकपजाधुन्याकेमकाटन्याधोबीहजाम २०
चशामिजशान् —— ६
घनघटुकीकोकामगन्याजशान् —— ७
घडीशानजशान् —— १६
सोपदाजशान् —— २
कर्नेल पहल्मानसिंघन्याउ‍ःकासाथआज्ञाघमा
रह्याकाश्रीकालीबक्सदेवीदत्तवर्दिबहादुरसेरगणेश
दलसबुजबरअन्सेनन्यापल्टनकामहुशाबानीबा
नीकोभर्नीअघिपल्टनरमानाकुदाविदावेरामभै
रह्याकापल्टनमासामेलगुनआन्याम्सेनन्याजशान् ३२१
मार्गसुदिरोज४माभर्नीभैदीन४३कोभत्ताबा
न्याजशान् —— १२२
श्रीवर्दिबहादुरको —— ४२
श्रीसिरपल्टनको —— ८०
मार्गसुदिरोज४माभर्नीभैदीन४४कोभत्ता
बान्याजशान् —— १२०
श्रीगणेशदलको —— ६०
श्रीसबुजको —— ६०




मार्गसुदि ६ रोज ६ मा भर्ति भै दीनु २६ को भयो
आन्याजवान — ७६
श्रीकालिवक्सको — ४१
श्रीदेवीदत्तको — ३८
अरु जगा जगाबाट गै किन्याको ज्याजवान — ११०६
पाल्याबाट रमाना भै किन्याको जवान — ८१६
आषाढ वदि ८ रोज मा रमाना भयाको श्रीवरषम-
ल्ल नम ध्येजवान — २१८
गोरषपुर कप्तानी भाहाजी श्रीवरषपल्तन
काजवान — ५६८
मेजर कप्तान पुछिमान सिंह वस्न्यातका कम्याण्डिङ कुमाण्डा
न्या ज्याजवान — २६०

बेर्जि
असामि — भैन्हाका जवान
चिफ बिर्गेडियर कम्याण्डिङ कर्नेल — ५०० — १
चिफ बिर्गेडियर कर्नेल — ४०० — १
बिर्गेडियर कर्नेल — २५० — २
अग्रिज मुसाहिब कर्नेल — २१० — १
पुरा कर्नेल — २१० — ८

(स्रोत : नेपाली सेना, जङ्गी अड्डा, अभिलेख शाखामा रहेको भाग ३, नं. ९ को ढड्डा)

## परिशिष्ट-ख

**भारतीय सिपाही विद्रोह (वि.सं. १९१४) मा साहेबगञ्ज र गोरखपुरको लडाईमा विभिन्न पल्टनहरूले कसरी कति विद्रोहीहरूलाई मारे भन्ने कुराको जानकारी दिने दस्तावेज**



८

पोषवदि १० रोज साहेबगंजका लडाईमा कालीबक्स १ नरसिंहदल १ जम्मा पल्टन २ ले मर्दारले २

| आसामी | तोपले | बंदुकले | तर्वारले | खुकुरीले | संगीनले | [illegible] | जम्मा |
|---|---|---|---|---|---|---|---|
| माघवदि ५ रोज २ पिप्राइचका लडाईमा | | | | | | | |
| कालीबहादुर पल्टनले | × | ६ | ३ | १ | × | × | ११ |
| नरसिंहदल पल्टनले | × | ४ | ५ | २ | × | × | ११ |
| पुरानागोरख पल्टनले | × | १८ | १५ | २ | × | × | ३५ |
| | × | ३१ | २२ | ५ | × | × | ५८ |
| माघवदि ७ रोज ४ गोरखपुरका लडाईमा | | | | | | | |
| रैफल पल्टनले | × | ४४ | १८ | २ | × | १ | ६५ |
| कालीप्रसाद पल्टनले | × | ७ | १२ | १ | × | ५१ | ७१ |
| कालीबहादुर पल्टनले | × | ८ | १ | × | × | ६ | १५ |
| भैरवनाथ पल्टनले | × | १ | ११७ | × | × | × | १२८ |
| नरसिंहदल पल्टनले | × | २२ | ४ | × | × | ३२ | ५८ |
| जगदल पल्टनले | × | २ | ३ | २ | १ | × | ८ |
| श्रीनाथ तोपखानाले | ५ | × | × | × | × | ४ | ९ |
| जगनाथ पल्टनले | × | २ | २ | १ | × | ३ | ८ |

(**स्रोत:** नेपाली सेना, जंगी अड्डा, अभिलेख शाखा, भाग ३ नं. ८)

## सन्दर्भ सामग्रीसूची


अधिकारी, कृष्णकान्त (वि.सं.२०३५-३७), ई.सं.१८५७ को सिपाही-विद्रोहमा जङ्गबहादुरले ब्रिटिस सरकारलाई दिएको सहायतासम्बन्धी दस्तावेज, *भ्वाइस अफ हिस्ट्री,* भोलम ४-६ ।

ओल्डफिल्ड, एच.ए. (सन् १८८०), *स्केचेज फ्रम नेपाल,* भाग १, डब्लु एच. एलेन एण्ड कम्पनी ।

खत्री, टेकबहादुर (वि.सं.२०४१), *शाही नेपाली सेनाको इतिहास,* शारदाकुमारी के.सी. ।

जबरा, पुरुषोत्तमशमशेर (वि.सं. २०५९), *राणा शासनको वृत्तान्त* (भाग १), विद्यार्थी पुस्तक भण्डार ।

टुकर, फ्रान्सिस (सन् १९५७), *गोर्खा : दी स्टोरी अफ दी गोर्खाज अफ नेपाल,* कन्स्टेबल एण्ड कम्पनी ।

डिग्वी, विलिमय (सन् १८९०), *१८५७ ए फ्रेण्ड इन निड, १८८७ फ्रेण्डसिफ फरगटन,* इण्डियन पोलिटिकल एजेन्सी ।

थापा, विनोद (वि.सं.२०७४), *नेपाल राष्ट्र निर्माणमा श्रीपाली बस्न्यातहरूको योगदान,* गोकुल बस्नेत ।

नेपाल देशको इतिहास, *प्राचीन नेपाल,* अंक २७ ।

नेपाली सेना, जंगी अड्डा, अभिलेख शाखामा रहेका भाग ३, फाइल नं. ६, ७, ८, ९ ।

बस्न्यात, प्रेमसिंह (वि.सं.२०७४), *नेपालका वीर सिपाहीहरू,* ब्रदर बुक्स प्रकाशन प्रा. लि. ।

मजुमदार, कंचनमोय (सन् १९७३), *एङ्लो नेप्लिज रिलेसन्स् इन दी नाइनटिन्थ सेन्चुरी,* के एल. मुखोपाध्याय ।

मानन्धर, त्रिरत्न, मिश्र, तीर्थप्रसाद, पन्त, दिनेशराज, राठौर, कमलराज सिंह, पंगेनी, भवेश्वर (वि.सं.२०६९), *नेपाली सेनाको इतिहास,* जङ्गी अड्डा ।

रमाकान्त (सन् १९६८), *इण्डो-नेप्लिज रिलेसन्स,* एस. चन्द एण्ड कम्पनी ।

राणा, पद्मजंगबहादुर (सन् १९८०), *लाईफ अफ महाराजा सर जंगबहादुर अफ नेपाल,* रत्नपुस्तक भण्डार ।

विष्ट, सोमध्वज (वि.सं.२०२०), *साही सैनिक इतिहास (सैनिक कारवाई तथा युद्ध),* चौ.नारायणजङ्ग शाह र नरेन्द्रमानसिंह बस्न्यात ।

वैद्य, तुलसीराम, मानन्धर, विजय र बस्न्यात, प्रेमसिंह (वि.सं.२०६५), *नेपालको सैनिक इतिहास* (भाग २), नेपाली जंगी अड्डा ।

हण्टर, विलियम (सन् १८९६), *लाइफ अफ ब्रियन हफ्टन हडसन,* जोनमुरे ।

हुसेन, असद (सन् १९७०), *ब्रिटिस इण्डियाज रिलेसन्स वीथ दी किंगडम अफ नेपाल,* जर्ज एलेजन एण्ड अन विन ।